**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ अप्रेल

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले यस पटक भाजपाले सरकार गठन गर्ने दाबि गर्नुहुदै 'चार मई पछि पश्चिम बंगालमा रोजगारसँग सम्बन्धित पाँचवटा काम द्रुत गतिमा शुरु हुने बताउनु भएको छ।

- पश्चिम बङ्गाल राज्य बिधानसभा चुनाउको दोस्रो चरणको मतदान भोलि सम्पन्न हुनेछ।राज्यका कुल १४२ विधानसभा सिटहरुमा १ हजार ४ सय ४८ उम्मेदवारहरू चुनावी मैदानमा छन्।

- केन्द्रीय गृह मन्त्रालयले राज्य सरकारका वर्तमान पुलिस महानिर्देशक सिद्धनाथ गुप्ताको कार्यकाल ६ महिनाका लागि बडाउन आदेश जारी गरेको छ।

- लैनसिंह बाङ्देल साहित्य कला प्रतिष्ठान कलकत्ता आठौँ "तेराख महाकवि देवकोटा पुरस्कारद्वारा पुरस्कृत भएको छ।

**पश्चिम बंगाल - चुनाव प्रचार - प्रधानमंत्री नरेंद्र मोदी वाचा**

पश्चिम बंगालमा चुनाव प्रचारको अन्तिम दिन प्रधानमन्त्री नरेन्द्र मोदीले जनतासँग ठूलो वाचा गर्नुभएको छ । हिज ब्याराकपुरमा रोड शोपछि चुनावी रैलीलाई सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले पश्चिम बंगालमा भाजपाले सरकार गठन गर्ने दाबी गर्नुभएको छ। उहाले 'चार मई पछि पश्चिम बंगालमा रोजगारसँग सम्बन्धित पाँच काम द्रुत गतिमा शुरु हुनेछन्। उहाले आफ्नो सम्बोधनमा वाचा गर्दै भन्नुभयो -पहिलो, बंगालमा सरकारी भर्तीको घोषणा समयमै र पारदर्शी ढंगले गरिनेछ र रोजगार मेलामा युवाहरूलाई नियुक्ति पत्र दिइनेछ। दोस्रो, सबै रिक्त पदहरू चाँडै भरिनेछन्। सरकारी कर्मचारीहरू तृणमूलको डरबाट मुक्त हुनेछन्। सरकारी कर्मचारीहरूले ७ औं वेतन आयोगको पूर्ण लाभ पाउनेछन्। तेस्रो, रचनात्मक अर्थव्यवस्था फस्टाउनेछ। बंगालका स्कूल र कलेजहरूमा कन्टेन्ट मेकर ल्याब स्थापना गर्ने काम गरिनेछ। चौथो, गाउँहरूमा १२५ दिनको रोजगार सुनिश्चित गरिनेछ। उहाले अझ भन्नुभयो -भाजपा सरकारले वीबी-जी रामजी अधिनियम लागू गर्नेछ, जसले गाउँहरूमा रोजगार प्रदान गर्नेछ। यसबाहेक पीएम विश्वकर्मा योजना र पीएम संपदा योजना पूर्ण रूपमा लागू हुनेछ। पाँचौं शहरका सडक विक्रेताहरूले पीएम स्वनिधि योजनाको पूर्ण लाभ पाउनेछन् र बैंकबाट सहयोग प्राप्त गर्नेछन्। प्रधानमन्त्रीले अझ भन्नुभयो - पछिल्ला केही महिनामा ब्यारेकपुर औद्योगिक क्षेत्रमा लगभग एक दर्जन जुट मिलहरू बन्द भएका छन्। एकातिर रोजगार सिर्जना गर्ने कारखानाहरू बन्द भइरहेका छन्, अर्कोतिर बम कारखानाहरू फस्टाइरहेका छन् र गुण्डाहरूको प्रयोग गरेर ग्रासरुट सिन्डिकेटहरू विस्तार भइरहेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले अझ भन्नुभयो - १५ वर्षदेखि जनताले तृणमूल कांग्रेसलाई अवसर दिएका हुन् , तर उनीहरूले 'आमा', महिलाहरुको सुरक्षा र कल्याणका लागि केही गरेका छैनन्।

**पश्चिम बंगाल -दोश्रो चरण -ममता ब्यनर्जी**

पश्चिम बङ्गाल राज्य बिधानसभा चुनाउको दोस्रो चरणमा कुल १४२ विधानसभा सिटहरुमा १ हजार ४ सय ४८ उम्मेदवारहरू चुनावी मैदानमा छन्। तृणमूल कांग्रेस र कांग्रेसले सबै १४२ सिटहरुमा आफ्ना उम्मेदवारहरू उठाएका छन् भने भारतीय जनता पार्टीले १४१ सिटमा चुनाउ लडिरहेका छन्। यता भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) ले लगभग एक सय सिटहरुमा आफ्ना उम्मेदवारहरू खडा गरेको छ। हिज पश्चिम बंगालमा दोस्रो चरणको मतदान अघि प्रचारको अन्तिम दिन हिज तृणमूल कांग्रेसकी सुप्रीमो ममता बनर्जीले कोलकातामा हिज विशाल रोड शो गर्नुभयो । उहाले टिएमसी सरकार चौथो पल्ट सत्तामा फर्किने दाबी गर्नुभएको छ। पाँच विधानसभा क्षेत्र हुँदै यो रैलीमा ठूलो संख्यामा मानिसहरू भेला भएका थिए। राज्यमा बुधबार दोस्रो चरणको मतदान हुने भएकाले हिज साँझ प्रचार समाप्त भएको छ। चुनाउ प्रचार को अन्तिम समयमा ममता बनर्जीले कोलकातामा शक्ति प्रदर्शन गर्नुभयो।

**पश्चिम बङ्गाल-बैठक**

पश्चिम बङ्गाल बिधान सभा चुनाउको दोस्रो चरण शुरु हुन अघि CRPF महानिदेशक, श्री ज्ञानेन्द्र प्रताप सिंह, आईपीएसले डा. राजेश कुमार सिंह, आईपीएस (एडीजी), र पश्चिम बङ्गाल पुलिस वरिष्ठ अधिकारीहरूसँग एसपी कार्यालय, डायमन्ड हार्बरमा एक रणनीतिक बैठक गर्नुभएको छ। जसमा पूर्ण सतर्कता साथ शान्ति सुरक्षा व्यवस्था माथी चर्चा भएको बताइएको छ।

**प्रधानमन्त्री -सिक्किम**

प्रधानमन्त्री नरेन्द्र मोदी आज सिक्किम राज्य स्थापनाको ५० वर्ष पूरा भएको उपलक्ष्यमा पाल्जोर स्टेडियममा आयोजित हुने समापन समारोहमा भाग लिनुहुनेछ। समारोहमा सिक्किमका राज्यपाल ओमप्रकाश माथुर, मुख्यमन्त्री प्रेम सिंह तामाङ गोले, सिक्किमका मन्त्रीहरू र धेरै सांसदहरू पनि कार्यक्रममा उपस्थित रहनुहुनेछ।प्रधानमन्त्री श्री मोदीले आज राज्यमा चार हजार करोड रुपियाँभन्दा अधिकका धेरै विकास परियोजनाहरूको उद्घाटन, शुभारम्भ र शिलान्यास गर्नुहुनेछ। यी विकास परियोजनाहरूमा पूर्वाधार, कनेक्टिविटी, स्वास्थ्य सेवा, शिक्षा, बिजुली, शहरी विकास, वातावरण, पर्यटन र कृषि क्षेत्रहरू समावेश छन्। यसको उद्देश्य सिक्किममा समावेशी र समावेशी विकासलाई गति दिनु हो। प्रमुख परियोजनाहरूमा नाम्ची जिल्लाको यांगांगमा एक सय पलंगको आयुर्वेद अस्पतालको शिलान्यास समावेश छ। यांगांगमा सिक्किम विश्वविद्यालयको स्थायी परिसरको पनि उद्घाटन गरिनेछ। सिक्किम सरकारले श्री मोदीको उपस्थितिमा 15 सय भन्दा अधिक स्थानीय कलाकारहरूलाई सम्मिलित एक विशाल सांस्कृतिक कार्यक्रमको आयोजना गर्नेछ। यस कार्यक्रमको विषय एकता को एक हजार कदम रहेको छ। पालजोर स्टेडियममा आयोजित कार्यक्रममा भाग लिनु अघि प्रधानमन्त्री श्री मोदी ले मुख्यमन्त्रीसँग गान्तोकको रिज पार्कमा रहेको अर्किडेरियममा जानुहुनेछ।

**पश्चिम बंगाल विधानसभा चुनाव - केंद्रीय गृह मंत्रालय - पुलिस महानिदेशक (डीजीपी)**

पश्चिम बंगालमा भोलि हुने दोस्रो तथा अन्तिम चरणको चुनाउको ४८ घण्टाअघि केन्द्रीय गृह मन्त्रालयले राज्य सरकारका वर्तमान पुलिस महानिर्देशक सिद्धनाथ गुप्ताको कार्यकाल ६ महिनाका लागि बडाउन आदेश जारी गरेको छ। उहा यही महिनाको ३० तारिख अवकाश हुने कार्यक्रम थियो। यस सम्बन्धमा आधिकारिक पत्र जारी गरिएको छ। यस सम्बन्धमा जारी आदेशमा भनिएको छ, 'केन्द्र सरकारले पश्चिम बंगालका डीजीपी सिद्धनाथ सिंहको सेवा विस्तारलाई स्वीकृति दिएको छ। गृह मन्त्रालयले हिज जारी एक आदेशमा भनेको छ , उहालाई ३० अप्रिलपछि ६ महिना पदमा रहन अनुमति दिइएको छ। यो म्याद जनहितका लागि अखिल भारतीय सेवा नियमावली अन्तर्गत दिइएको हो। यो आदेशको एक प्रति निर्वाचन आयोग र बंगाल सरकारलाई पनि पठाइएको छ। यो म्याद शान्ति सुरक्षा र सुरक्षा व्यवस्था कायम गर्न महत्वपूर्ण मानिएको छ। गृह मन्त्रालयको यो निर्णयपछि राज्य पुलिस प्रशासनमा स्थिरता कायम रहने अपेक्षा गरिएको छ। सिद्धनाथ गुप्ता आईपीएस अधिकारी बनेपछि सुरुमा पुलिस सुपरिटेन्डेन्ट (एसपी) र पछि विभिन्न जिल्लामा वरिष्ठ पुलिस सुपरिटेन्डेन्ट (एसएसपी) को रूपमा काम गर्नुभएको छ। यी पदहरूमा उहाले शान्ति र सुव्यवस्था कायम गर्न, अपराध नियन्त्रण गर्न र पुलिस प्रशासनलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरिसक्नुभएको छ।

**पश्चिम बंगाल - कानून-व्यवस्था**

पश्चिम बंगालमा पहिलो चरणको मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएपछि दोस्रो चरणको मतदान हुनुअघि पुलिस प्रशासनले राज्यमा शान्ति व्यवस्था कायम गर्न कडा अडान लिएको छ। पुलिस प्राप्त जानकारीअनुसार हिज बिहानसम्म चलेको ३६ घण्टे विशेष अपरेसन तथा चेकप्वाइन्ट चेकका क्रममा एक हजार ९५ कथित अपराधी वा 'संदिग्ध' पक्राउ परेका छन्। अहिलेसम्म पक्राउ पर्नेहरुको संख्या बढेर एक हजार ५४३ पुगेको प्रशासनिक सुत्रले दाबी गरेको छ। पुलिस सुत्र अनुसार पुर्व बर्धमान जिल्लाहरुको सूचीमा सबैभन्दा बढी ४७९ जना पक्राउ परेका छन्।

**आठौँ "तेराख महाकवि देवकोटा पुरस्कार**

आठौँ "तेराख महाकवि देवकोटा पुरस्कारद्वारा लैनसिंह बाङ्देल साहित्य कला प्रतिष्ठान कलकत्ता पुरस्कृत भएको छ। नेपालको मेची नगर, धुलाबारी उच्च माध्यमिक विद्यालयको प्रेक्षागृहमा सम्पन्न एक भव्य कार्यक्रममा कलकत्ताबाट लैनसिंह बाङ्देल साहित्य कला प्रतिष्ठानलाई प्रतिनिधित्व गरी गएका दुई प्रतिनिधि प्रा डा किरण सुब्बा र सन्तोषचन्द्र दर्नाललाई नगद राशि, अङ्ग वस्त्र, स्मृति चिन्ह, कार्यक्रमका प्रमुख अतिथि सांसद गोपाल कुमार बस्नेतको

बाहुलीबाट प्रदान गरिएको छ ।तेराख प्रतिष्ठान धुलाबारीले विगत 8 वर्षबाट प्रतिवर्ष वैशाख महिनाको दोस्रो शनिबार यो पुरस्कार प्रदान गर्दछ। एकपटक नेपाल र अर्को पटक नेपाल बाहिरका स्रष्टा या संस्थालाई यो पुरस्कार प्रदान गर्ने चलन छ।स्मरण रहोस्, लैनसिंह बाङ्देल साहित्य कला प्रतिष्ठान कलकत्ताले आफ्नो स्थापनाकालदेखि नै भाषा, साहित्य अनि कलाको विकासमा आफ्नो विशिष्ट योगदान पुऱ्याइरहेको छ। प्रतिवर्ष भाषा मान्यता दिवसको छेक पारेर लैनसिंह बाङ्देल स्मृति पुरस्कार, स्रष्टा र विद्यार्थीवर्गलाई सम्मान गरिन्छ।50 को दशकमा वरिष्ठ साहित्यकार साथै अन्तरराष्ट्रिय चित्रकार लैनसिंह बाङ्देलको सम्पादन/प्रकाशनमा प्रकाशित साहित्यिक पत्रिका प्रभातको पुनः प्रकाशन पनि गरिरहेको छ। यस कार्यक्रमको सभापति तेराख प्रतिष्ठानका सभापति शिवकुमार पौडेल र कार्यक्रमको सञ्चालन मुनामाया राणा र जय भण्डारीले गरेका थिए।

सिलगढ़ी- लागूऔषध तस्करी

सिलगढ़ीमा लागूऔषध तस्करी विरुद्ध जारी अभियानमा पुलिसले ठूलो सफलता प्राप्त गरेको छ। विशेष अपरेशन ग्रुप (एसओजी) र माटीगढ़ा थानाको संयुक्त टोलीले एक महिला सहित दुई लागूऔषध तस्करलाई पक्राउ गरेको छ। पुलिस सूत्रहरू अनुसार, सूचनाको आधारमा हिजो राति ट्रान्सपोर्ट नगर क्षेत्रमा संयुक्त अभियान चलाइयो। खोजीको क्रममा एक शंकास्पद महिला र पुरुषलाई रोकेर खोजी गरियो। उनीहरूदेखि 401 ग्राम ब्राउन सुगर र दश हजार रुपियाँ नगद जफत गरियो।पुलिसले उनीहरूदेखि तीन वटा मोबाइल फोन पनि जफत गरेको छ। दुवै अभियुक्तहरू विरुद्ध एनडीपीएस एक्ट अन्तर्गत मुद्दा दर्ता गरिएको छ र थप अनुसन्धान शुरु गरिएको छ।